

# व्यवस्थित रुपमा फोहोर फाल्न उपयोगी गाइड

## फोहोर घटाउनका लागि

ccc.govt.nz/bingood

सेप्टेम्बर २०२१ मा अद्यावधिक गरिएको

Christchurch City Council

# म फोहोर घटाउनका लागि व्यवस्थित रुपमा फाल्ने गर्दछुँ

सही बिनहरूमा (फोहोर राख्ने भाँडोहरूमा) सही वस्तुहरू राखेर, तपाईं ल्यान्डफिलमा (फोहोरमैला विसर्जन गर्ने ठाँउमा) जाने फोहोरको मात्रा कम गर्न मद्दत गर्दै हुनुहुन्छ। यसले पैसा बचत गर्छ र वातावरणको लागि राम्रो छ।

**आफ्नो बिन चिन्नु होस्**

यदि तपाईंका बिनहरु हराएमा वा बिग्रिएमा तिनीहरुको पहिचान गर्न आवश्यक पर्दछ ।कृपया आफ्नो बिनको सिरियल नम्बरहरू तल राख्नुहोस्।

## मेरा बिनहरु

### म जैविक वस्तुहरु मिलाएर फ्याल्ने गर्दछुँ

साप्ताहिक संकलन



तपाईंको हरियो बिनमा सही वस्तुहरु राखेर तपाईंले हामीहरुलाई स्थानीय तवरमा जैविक कम्पोस्ट उत्पादन गर्न सम्भव बनाई दिइरहनु भएको छ। यदि गलत वस्तु हरियो बिनमा जान्छ भने, त्यो पुरै ट्रकमा रहेको जैविक वस्तुहरु ल्यान्डफिल्डमा जान सक्दछ।

बिनको सिरियल नम्बर

### म रिसाइक्लिङ वस्तुहरु मिलाएर फ्याल्ने गर्दछुँ

हरेक दुई हप्तामा (पाक्षिक) संकलन



तपाईंको पहेंलो बिनमा सही वस्तुहरु राखेर तपाईंले हामीलाई रिसाइक्लिङ गर्न सम्भव बनाई दिइरहनु भएको छ। यदि गलत वस्तुहरु पहेंलो बिनमा जान्छ भने, त्यो पुरै ट्रकमा रहेको वस्तुहरु रिसाइकल हुनुको सट्टा ल्यान्डफिल्डमा जान सक्दछ।

बिनको सिरियल नम्बर

### म फोहोर वस्तुहरु मिलाएर फ्याल्ने गर्दछुँ

हरेक दुई हप्तामा (पाक्षिक) संकलन



तपाईंको रातो बिनमा सही वस्तुहरु राखेर तपाईंले अन्य बिनहरूलाई दूषित-पदार्थ रहित बनाइरहनुभएको छ। यदि शंका लागेको छ भने हाम्रो एपको उपयोगी टूलको प्रयोग गर्नुहोला वा हाम्रो वेबपेजमा हेर्नुहोला।

बिनको सिरियल नम्बर

# म जैविक वस्तुहरु मिलाएर फयाल्ने गर्दछुँ

खाना र बगैंचाको फोहोरलाई तपाईंको हरियो जैविक बिनमा राख्नुहोला।

**सम्झनुहोला:**
खरानी रातो बिनमा जान्छ। यसलाई ५ दिन सम्म चिस्याउन दिनुहोला।



फलफुल, तरकारीहरू,
खाद्य पदार्थको फाल्ने भागहरु



फिश 'एन' चिप पोका पार्ने कागजहरु, पिज्जा बक्सहरु, भान्छामा प्रयोग गरिने कागजी रुमालहरु, टुक्रा टुक्रा पारिएका कागजहरु, कागजी रुमालहरु (नेपकिनहरु)



बासी मासु, हड्डीहरू, शेलफ़िश, माछा



रोटी, पेस्ट्रीज,
बेक गरेर बनेका खाद्यवस्तुहरु



काटिएका फुलहरु, हाँगा बिङ्गाहरु,
कलमी गरिएका हाँगाहरु



बगैंचाबाट निस्किएका फोहोर
(फ्ल्याक्स तथा बन्दकोबी रूखका पातहरू बाहेक)



धुलो कफी, चिया ब्यागहरु



चीज, अण्डाहरु, बटर



पातहरु

# म रिसाइक्लिङ वस्तुहरु मिलाएर फ्याल्ने गर्दछुँ

तल उल्लेखित वस्तुहरु तपाईंको पहेंलो रिसाइक्लिंग बिनमा राख्नुहोला।

**सम्झनुहोला:**

तपाईंको बोत्तलहरू, टिनहरू, क्यानहरू र भाँडाहरू (कन्टेनरहरू) पखाल्नुहोला, तिनीहरू खाली छन् र कुच्चिएका छैनन् भनेर निश्चित गर्नुहोला, र बिर्कोहरु रातो बिनमा राख्नुहोला।



च्याप्टो पारेका कार्डबोर्ड र अण्डाका बट्टाहरु

(खाम भन्दा स्यानो होइन)



एल्युमिनियम क्यानहरू

(नकुच्याउनु होला)



खाली तथा रंगीचंगी ग्लासका बोत्तलहरु, जारहरु

(बिर्कोहरु रातो बिनमा)



धातु टिनहरू

(नकुच्याउनु होला, र बिर्कोहरु रातो बिनमा राख्नुहोला)



प्लास्टिक कन्टेनरहरुका नम्बरहरु १, २ र ५

(३ लिटर र मुनिका, दहीको स्यानो बटुकी भन्दा सानो होइन, नकुच्याउनु होला, र बिर्कोहरु रातो बिनमा राख्नुहोला)



एरोसोल क्यानहरु, डिओडोरन्ट, फ्लाई स्प्रे, एयर फ्रेशनर




कागज उदाहरणका लागि खामहरु, पत्रिकाहरू, ब्रोशरहरू

(जानकारी मूलक पुस्तिकाहरू) (खाम भन्दा सानो होइन)



१, २ र ५ नम्बर भएका प्लास्टिक बोत्तलहरु

(दहीको स्यानो बटुकी भन्दा स्यानो नभएका, नकुच्याउनु होला, र बिर्कोहरु रातो बिनमा राख्नुहोला)



सफा गर्न, माइन प्रयोग गरिने झोलहरु राख्ने खाली १, २ र ५ नम्बर भएका भाँडाहरू (कन्टेनरहरू)

(बिर्कोहरु रातो बिनमा)

# म फोहोर वस्तुहरु मिलाएर फ्याल्ने गर्दछुँ

सामान्य फोहोरहरु तथा तल उल्लेखित वस्तुहरु तपाईंको रातो बिनमा राख्नुहोला।

**सम्झनुहोला:**

जहाँ सम्म सकिन्छ फोहोर कम गर्नु होला। यदि तपाई कुनै वस्तु कता जान्छ भन्ने बारे अनिश्चित हुनुहुन्छ भने तपाईंले हाम्रो क्राइस्टचर्च बिन्स एप (**Christchurch Bins App**) मा पूर्ण विवरण हेर्न सक्नुहुन्छ।



सानो दहीको भाँडो भन्दा पनि साना प्लास्टिकका वस्तुहरु, सबै बिर्कोहरु, लोयल्टी कार्डहरु, कोट ह्याङ्गरहरु, बगैंचाका गमलाहरु



नरम प्लास्टिकहरु उदाहरणका लागि  पसलमा प्रयोग हुने झोलाहरु, पोका पार्न प्रयोग गरिने फोका उठेका प्लास्टिक, ठुल-ठुला वस्तुहरु एकै ठाउँमा राखेर पोका पार्न प्रयोग गरिन प्लास्टिक, चिप राखिएका झोलाहरु




कम्पोस्ट बन्न सकिने तथा सजिल्लै कुहिन सकिने सबै खाले झोलाहरु तथा प्याकेजहरु



बिग्रिएका जुत्ताहरु, लुगाहरु, ओछ्यानहरु, लत्ता-कपडाहरु



चिसो खरानी

(खरानी कम्तिमा ५ दिन सम्म चिस्याउन दिनु होला तथा एउटा झोलामा राखेर रातो बिनमा राख्नुहोला)



सामान्य फोहर उदाहरणका लागि टुक्रिएका खेलौनाहरु, कपहरु, प्लेटहरू



काठका टुक्राहरु, फ्ल्याक्स, बन्दकोबी रूखका पातहरू



झोल पदार्थका खाली बट्टाहरु (कार्टूनहरु) उदाहरणका लागि जूस, दूध, नरिवलको दूध, बदामको दूध, कस्टर्ड



बच्चाको न्यापीहरु, जनावरका फोहोर, बिरालोले छोडेका फोहोर

# इकोड्रप रिसाइक्लिङ्ग केन्द्रमा निःशुल्क फ्याल्नुहोला

## खतरनाक घरेलु वस्तुहरू

तपाईंको नजिकैको इकोड्रप
ccc.govt.nz/hazardouswaste मा खोज्नुहोला



गाडीको ब्याट्रीहरु



अनावश्यक, प्रयोग नगरिएका वा पुरानो घरेलु तरल रसायनहरु, सफा गर्ने पदार्थहरु, सुख्खा रसायनहरू



पुरानो वा समयावधि सकिएको घरेलु आगो निभाउने साधनहरू (फायर एक्स्टिनग्युसर)



क्याम्पिङ्गमा प्रयोग गरिने सानो ग्याँसका भाँडाहरु, हिलीएम ग्याँसका बोत्तलहरु, ग्याँसका बोत्तलहरु



अनावश्यक, प्रयोग नगरिएका वा पुराना रंग रोगनहरु, झोलहरु



अनावश्यक, प्रयोग नगरिएका वा पुरानो तेल उदाहरणका लागि गाडीको तेल, खाना पकाउने तेल

## भाँचिएको तथा अनावश्यक घरेलु वस्तुहरु



उपकरणहरू उदाहरणका लागि माइक्रोवेभहरू, फ्रिजहरू, ड्रायरहरू, लुगा धुने मेसिनहरु



औजारहरु, बगैचाका लागि प्रयोग गरिने उपकरणहरु



साना उपकरणहरू उदाहरणका लागि पानी उमाल्ने भाँडाहरु (केटलहरू), पानी राख्ने भाँडाहरु (जगहरू), भाँडाकुँडाहरू, प्यानहरू

# राम्ररी फोहोर फाल्नका लागि सुझावहरू!



## १. बिनका ढक्कनहरु सम्म हुने गरी बन्द हुन्छन

फोहोर संकलन सुनिश्चित पार्नका लागि बिनको ढक्कन सम्म हुने गरी बन्द गरिएको हुनु पर्दछ। बिनहरूको छेउमा वा माथि राखिएका वस्तुहरू संकलन गरिने छैन। यदि बिन आवश्यकता भन्दा बढी भरिएको छ भने ट्रकले उचाल्न सक्दैन वा बिनलाई पल्टाएर खाली पार्न सक्दैन।



## २. धेरै गरुङ्गो नबनाउनु होला तथा छुट्याएर राख्नुहोला

निश्चित गर्नुहोस् कि बिनहरु ७० केजी भन्दा कमका छन् तथा फूटपाथमा वा घाँसको किनारामा ती एक अर्काबाट कम्तिमा पनि ५०सीएम को फरकमा छन्।



## ३. अन्तिम मौका सम्ममा तिनीहरूलाई बाहिर राख्नुहोला


सङ्कलन गरिने दिनको कम्तिमा पनि बिहान ६ बजे भन्दा पहिले आफूलाई उपयुक्त हुने समयमा बिनहरू बाहिर राख्नुहोला। यसले छेडछाड रोक्न मद्दत गर्न सक्छ। तिनीहरुलाई संकलन गरिसके पछि राती ११ बजेसम्ममा भित्र ल्याउन सम्झिनुहोला।



## ४. आफ्नो बिन चिन्नुहोला


आफ्ना बिनहरुलाई निजीकृत गर्नु भयो भने तिनीहरू सडकमा हुँदा चिन्न मद्दत गर्दछ।

- आफ्नो बिनको बिर्कोमा वा एक छेऊमा आफ्नो युनिट नम्बर लेख्नुहोला।
- आफ्नो बिनको ह्यान्डलमा रिबन बाँध्नुहोला।
- आफ्नो बिनको पछाडि एउटा स्टिकर टाँस्नुहोला।



## ५. हराएको बिन रिपोर्ट गर्नुहोला

प्रतिस्थापन शुल्कबाट बच्नका लागि संकलन समयको २४ घण्टा भित्र बिन हराएको रिपोर्ट गर्नुहोला।
फोन ०३ ९४१ ८९९९ अथवा **ccc.govt.nz/mybin** मा अनलाइन रिपोर्ट गर्नुहोला।

## ६. बिनको साइज परिवर्तन गर्न चाहनु हुन्छ भने?

के तपाईं तपाईंको हरियो वा पहेंलो बिनको साइज परिवर्तन गर्न चाहनु हुन्छ? **०३ ९४१ ८९९९** मा फोन गर्नुहोला वा **ccc.govt.nz/mybins** मा अनलाइन आवेदन दिनुहोला।

# रामी फोहोर व्यवस्था गर्नु भएकोमा धन्यवाद!

## फोहोर कम गर्न चाहनुहुन्छ?

थप फोहोर सम्बन्धि सुझावहरूका लागि,
हाम्रो वेबसाइट हेर्नुहोला वा क्राइस्टचर्च बिन्स एप डाउनलोड गर्नुहोला।

**ccc.govt.nz/bingood**




### तथा सम्झनुहोला:

टेकअवे कपहरू र कन्टेनरहरू
रातो बिनमा जान्छन्!



CIT4656 Sept 2021

Christchurch City Council